# सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५ (३) र नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

## स्वतः प्रकाशन

## २०७८/२०७९ चैत्र देखि असार सम्म




## माङसेबुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## इभाङ, इलाम ।

वेव साइटः WWW.mansebungmun.gov.np

ईमेल ठेगानाः mangsebung.ruralmun@gmail.com


२०७९ असार

# माङसेबुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय, इभाङ

# इलामबाट सम्पादित प्रमुख क्रियाकलापहरुको

# विवरण



प्रमुख प्रशासकीय अधिकृत श्री बिनोद कुमार चौहान

सम्पर्क नः ९८५२६८५४४५, ९८४१५८३३१६



सूचना अधिकारी श्री ओम प्रकाश खड्का

सम्पर्क नं ९८५११६६४९६

## माङसेबुङ गाउँपालिकाको सामान्य परिचयः

माङसेबुङ गाउँपालिका ईलाम जिल्लाको पश्चिम क्षेत्रको एक सुन्दर गाउँपालिका हो । यो साबिक गजुरमुखी, ईभाङ र बाझो गा.वि.स. मिलेर बनेको गाउँपालिका हो । यस गाउँपालिकामा पुर्वकै प्रसिद्ध मानिने गजुरमुखीधाम, माङमालुङ, किरात धर्मावलम्बीहरुको धार्मिक स्थल लारुम्बा जस्ता प्रसिद्ध तिर्थस्थलहरु रहेका छन् । ईलाम जिल्लाको पश्चिम दक्षिणमा अवस्थित माङसेबुङ गाउँपालिका कुल १४२.४१ बर्ग किलोमिटरमा फैलिएको छ। झापा जिल्लासँग उत्तर दक्षिण कच्ची सडक यातायातले जोडिएको यस गाउँपालिका मा राँके रवि सडक अन्तर्गत पाचथर जिल्लाको रवि बजार हुदै आवतजावत गर्न सकिन्छ । पूर्वमा देउमाई, र माई नगरपालिका, पश्चिम र दक्षिणमा चुलाचुली गाँउपालिका तथा उत्तरमा फाकफोकथुम गाँउपालिका र पाँचथर जिल्ला सँग सिमाना जोडिएर रहेको छ । ६ वटा वडामा विभाजित यो गाउँपालिकाको केन्द्र साबिकको इभाङ गा.बि.स कार्यालय रहको स्थान माङसेबुङ वडा नं. २ मा रहेको छ । अम्लिसो र अदुवा यस क्षेत्रको प्रमुख नगदेबाली हो भने अन्न उत्पादन गर्ने ठुलठुला फाँटहरु यस क्षेत्रमा पर्दछन । गजुरमुखीधाम, माङसेबुङ, माङमालुङ जस्ता प्रसिद्ध धार्मिक स्थलहरु रहेको यो क्षेत्रमा धार्मिक पर्यटनको सम्भावना रहेको छ । जिल्लाको कुल जनसंख्याको करिब ६.४ प्रतिशत जनसख्या बसोबास गर्ने यस क्षेत्रको औसत जनघनत्व १३० वर्ग कि.मि. रहेको छ । सामाजिक वनावटका आधारमा लिम्बु जातिको बाहुल्यता ४३%, रहेको यस क्षेत्रमा राई जाति दोस्रो प्रमुख ३६% जाति हो । त्यसपछी मगर, दलित, ब्राम्हण, क्षेत्री आदि बिबिध जातीको बसोबास भएको पाईन्छ । किराँत धर्म गुरु आत्मानन्द लिङ्देनको कुटि र मन्दिरहरुका कारण यस क्षेत्रलाई देवस्थल मान्दै यसको नामाकरण गरिएको हो । माङसेबुङ लिम्बु भाषामा राखिएको नाम हो जसको अर्थ देवाताको उत्पति भुमि देवताले रुचाएको भूमि भन्ने हुन्छ।

### १. जनप्रतिनिधिहरुको विवरण

(क) कार्यपालिकाका पदाधिकारीहरु

| क्र.सं. | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | हेमन्त राई | अध्यक्ष | |
| २ | विनोद कुमार नेमवाङ | उपाध्यक्ष | |
| ३ | भूपाल योङहाङ | १ नं. वडा अध्यक्ष | |
| ४ | कृष्ण बहादुर बस्नेत | २ नं. वडा अध्यक्ष | |
| ५ | लक्ष्मन राई | ३ नं. वडा अध्यक्ष | |

| क्र.सं. | नाम थर | पद | कैफियत |
| --- | --- | --- | --- |
| ६ | नविन लिम्बु | ४ नं. वडा अध्यक्ष | |
| ७ | नरेन्द्र कुमार राई | ५ नं. वडा अध्यक्ष | |
| ८ | प्रदिप साङपाङ | ६ नं. वडा अध्यक्ष | |
| ९ | डिक माया लुहागुन | का. पा. सदस्य | |
| १० | प्रमिता धमला विश्वकर्मा | का. पा. सदस्य | |
| ११ | हस्त कुमारी लिम्बु | का. पा. सदस्य | |
| १२ | पुनम सम्वाहाम्फे | का. पा. सदस्य | |
| १३ | सुसन राई | का. पा. सदस्य | |
| १४ | जय प्रकाश राई | का.पा. सदस्य | |

(ख) गाउँसभाका पदाधिकारीहरु

| सि. नं. | नाम | पद | वडा नं. |
| --- | --- | --- | --- |
| १ | हेमन्त राई | अध्यक्ष | ६ |
| २ | विनोद कुमार नेमवाङ | उपाध्यक्ष | २ |
| ३ | भूपाल योङहाङ | वडा अध्यक्ष | वडा नं. १ |
| ४ | डिक माया लुहागुन | महिला सदस्य | |
| ५ | सिर्जना मगराती | दलित महिला सदस्य | |
| ६ | ठग बहादुर श्रेष्ठ | सदस्य | |
| ७ | मीन प्रसाद लिम्बू | सदस्य | |
| ८ | कृष्ण बहादुर बस्नेत | वडा अध्यक्ष | वडा नं. २ |
| ९ | बिष्णु माया राना(मगर) | महिला सदस्य | |
| १० | प्रमिता धमला विश्वकर्मा | दलित महिला सदस्य | |
| ११ | मन कुमार लिम्बु | सदस्य | |
| १२ | लक्ष्मन राई | वडा अध्यक्ष | वडा नं. ३ |
| १३ | हस्त कुमारी लिम्बु | महिला सदस्य | |
| १४ | शुसिला सांसखर | दलित महिला सदस्य | |
| १५ | देउ मान साम्बा | सदस्य | |
| १६ | सुर्य कुमार राई | सदस्य | |
| १७ | नविन लिम्बु | वडा अध्यक्ष | वडा नं. ४ |

| सि. नं. | नाम | पद | वडा नं. |
|---|---|---|---|
| १८ | कल्पना राई | महिला सदस्य | |
| १९ | गोमा देवी वि.क | दलित महिला सदस्य | |
| २० | टेक मान लिम्बु | सदस्य | |
| २१ | धन बहादुर राई | सदस्य | |
| २२ | नरेन्द्र कुमार राई | वडा अध्यक्ष | वडा नं. ४ |
| २३ | तिलरुपा सवेहाङ | महिला सदस्य | |
| २४ | गंगा माया विश्वकर्मा | दलित महिला सदस्य | |
| २५ | बीर बहादुर कुरुम्बाङ | सदस्य | |
| २६ | सुरेन्द्र तुम्वाहाम्फे लिम्बु | सदस्य | |
| २७ | प्रदिप साङपाङ | वडा अध्यक्ष | वडा नं. ३ |
| २८ | पुनम सम्वाहाम्फे | महिला सदस्य | |
| २९ | धन कुमारी विश्वकर्मा | दलित महिला सदस्य | |
| ३० | खगेन्द्र खड्का | सदस्य | |
| ३१ | दिवस राई | सदस्य | |
| ३२ | सुसन राई | अल्पसंख्य सदस्य | ३ |

२. कर्मचारीहरुको विवरणः

क) स्थायी कर्मचारीहरुः

| क्र.सं | कर्मचारीको नामथर | पद | सेवा/समूह | श्रेणी/तह |
|---|---|---|---|---|
| १ | बिनोद कुमार चौहान | प्रमुख प्रशासकीय अधिकृत | प्रशासन | रा.प. तृतीय |
| २ | मञ्ज भट्टराई | अधिकृत | प्रशासन | छैठौं |
| ३ | अर्जुन घिमिरे | ईञ्जिनियर | ईञ्जिनियरिङ्ग | छैठौं |
| ४ | विवेक कुमार दास | अधिकृत | कृषि | छैठौं |
| ५ | टिकामाया नेपाल | सहायक | प्रशासन | पाँचौं |
| ६ | सुलभ दाहाल | सहायक | प्रशासन | पाँचौं |
| ७ | डिसव कार्की | आ.ले.प. सहायक | प्रशासन | पाँचौं |

| क्र.सं | कर्मचारीको नामथर | पद | सेवा/समूह | श्रेणी/तह |
|---|---|---|---|---|
| ८ | राम दुलाल | लेखा सहायक | प्रशासन | पाँचौं |
| ९ | युवराज खनाल | प्राविधिक सहायक | शिक्षा | पाँचौं |
| १० | उमेश खत्री | कम्प्युटर अपरेटर | विविध | पाँचौं |
| ११ | युवराज दाहाल | सव-ईञ्जिनियर | ईञ्जिनियरिङ्ग | पाँचौं |
| १२ | पुष्कर कार्की | सव-ईञ्जिनियर | ईञ्जिनियरिङ्ग | पाँचौं |
| १३ | काजीमान राई | अ. सव-ईञ्जिनियर | ईञ्जिनियरिङ्ग | चौथो |
| १४ | ईश्वरप्रसाद दाहाल | खा.पा.स.टे. | ईञ्जिनियरिङ्ग | चौथो |
| १५ | माधव अधिकारी | अ. सव-ईञ्जिनियर | ईञ्जिनियरिङ्ग | चौथो |
| १६ | सृजना खड्का | सहायक | प्रशासन | चौथो |
| १७ | हेमसागर घिमिरे | सहायक | प्रशासन | चौथो |
| १८ | भेषराज भट्टराई | ना.प.स्वा.प्रा. | कृषि | चौथो |
| १९ | लिला सिलुङ | ना.प.स्वा.प्रा. | कृषि | चौथो |
| २० | डकबहादुर जोशी | कार्यालय सहयोगी | प्रशासन | श्रेणी विहिन |

ख) करार सेवामा कार्यरत कर्मचारीहरु:

| क्र.सं. | करारका कर्मचारीको नाम थर | पद | तह |
|---|---|---|---|
| १ | ओम प्रकाश खड्का | सुचना प्रविधि अधिकृत | छैठौं |
| २ | निरुपा राई | ना. प्रा. स. | सहायक चौथो |
| ३ | दुर्गा बहादुर लिम्बु | ना. प. स्वा. प्रा. | सहायक चौथो |
| ४ | हिमाल खनाल | ना. प. स्वा. प्रा. | सहायक चौथो |
| ५ | प्रविण मुखिया | ना. प. स्वा. प्रा. | सहायक चौथो |
| ६ | सुनिल शेर्मा | भाषिक कर्मचारी | सहायक चौथो |
| ७ | सुरेन्द्र साम्बा | अ.हे.ब. | सहायक चौथो |
| ८ | चित्रमाया सम्वाहाम्फे | अ.न.मी. | सहायक चौथो |
| ९ | गोमादेवी मगर | अ.न.मी. | सहायक चौथो |
| १० | सन्ध्या कार्की | अ.न.मी. | सहायक चौथो |
| ११ | निरु राई | अ.न.मी. | सहायक चौथो |
| १२ | पम्फा योङहाङ | अ.न.मी. | सहायक चौथो |

| क्र.सं. | करारका कर्मचारीको नाम थर | पद | तह |
|---|---|---|---|
| १३ | दिलकुमारी योङहाङ | अ.हे.ब. | सहायक चौथो |
| १४ | निलिमा साम्बा | अ.हे.ब. | सहायक चौथो |
| १५ | मित्र प्रसाद न्यौपाने | अ.हे.ब. | सहायक चौथो |
| १६ | विनिता लिम्बू | अ.हे.ब. | सहायक चौथो |
| १७ | मनि कुमार लिम्बू | ल्याब असिस्टेन्ट | सहायक चौथो |
| १८ | चण्डिका चेम्जोङ | सि बि आर एफ | सहायक चौथो |
| १९ | प्रवेश लिम्बू | अमिन | सहायक चौथो |
| २० | अश्विन कार्की | सामाजिक परिचालक | सहायक चौथो |
| २१ | कमला बुढाथोकी | सामाजिक परिचालक | सहायक चौथो |
| २२ | टेक राज बस्नेत | हलुका सवारी चालक | श्रेणी विहिन |
| २३ | धर्मेन्द्र राई | कार्यालय सहयोगी | श्रेणी विहिन |
| २४ | धन कुमार आङदम्बे | कार्यालय सहयोगी | श्रेणी विहिन |
| २५ | नारायण खवास | कार्यालय सहयोगी | श्रेणी विहिन |
| २६ | दिनेश लिम्बु | कार्यालय सहयोगी | श्रेणी विहिन |
| २७ | पुरन लिम्बु | कार्यालय सहयोगी | श्रेणी विहिन |
| २८ | प्रमिला बिश्वकर्मा | कार्यालय सहयोगी | श्रेणी विहिन |
| २९ | दिल कुमारी लिम्बु | कार्यालय सहयोगी | श्रेणी विहिन |
| ३० | रबिन राई | कार्यालय सहयोगी | श्रेणी विहिन |
| ३१ | दिल कुमारी लिम्बु साम्बा | कार्यालय सहयोगी | श्रेणी विहिन |
| ३२ | भक्तराज राई | कार्यालय सहयोगी | श्रेणी विहिन |
| ३३ | राजेन्द्र राई | कार्यालय सहयोगी | श्रेणी विहिन |
| ३४ | प्रकाश कार्की | कार्यालय सहयोगी | श्रेणी विहिन |
| ३५ | चन्द्रकुमारी शिगु | कार्यालय सहयोगी | श्रेणी विहिन |
| ३६ | मनकुमार मगर | MIS अपरेटर | सहायक पाँचौं |
| ३७ | मच्छिन्द्र लिम्बू | फिल्ड सहायक | सहायक चौथो |
| ३८ | राजकुमार माबुहाङ | फिल्ड सहायक | सहायक चौथो |
| ३९ | दिपेश कुमार दास | रोजगार संयोजक | अधिकृत छैठौं |
| ४० | दिपेन राई | प्राविधिक सहायक | सहायक पाँचौं |
| ४१ | बिद्या लिम्बू | मनोसामाजिक परामर्शकर्ता | सहायक पाँचौं |
| ४२ | बिपिन खुलाल | वित्तीय साक्षरता सहजकर्ता | |

| क.सं. | करारका कर्मचारीको नाम थर | पद | तह |
|---|---|---|---|
| ४३, | धनबहादुर लिम्बू | रिटर्नी स्वयमसेवक | |
| ४४ | ठगेन्द्र रानामगर | रिटर्नी स्वयमसेवक | |

## ३. कार्यालयको काम कर्तव्य र अधिकारः

गाउँपालिकाको अधिकार-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिमको हुनेछ ।

गाउँपालिका तथा नगरपालिकाको अधिकारः (१) गाउँपालिका तथा नगरपालिकाको एकल अधिकार संविधानको अनुसूची-८ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

### क. नगर प्रहरी

(१) नगर प्रहरीको गठन, सञ्चालन, व्यवस्थापन, नियमन तथा नगर प्रहरी सम्बन्धी नीति, कानून र मापदण्डको निर्माण तथा कार्यान्वयन,

(२) देहायका कार्यमा सहयोग पुऱ्याउनको लागि नगर प्रहरीको परिचालन गर्न सक्नेः

(क) गाउँपालिका वा नगरपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन,

(ख) गाउँपालिका वा नगरपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण,

(ग) स्थानीयस्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन,

(घ) स्थानीय बजार तथा पार्किङ स्थलको रेखदेख र व्यवस्थापन,

(ङ) गाउँ वा नगर सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन,

(च) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन,

(छ) सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा,

(ज) विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनस्थापना,

(झ) अनधिकृत विज्ञापन तथा होडिङ बोर्ड नियन्त्रण,

(ञ) छाडा पशु चौपायाको नियन्त्रण,

(ट) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण,

(ठ) कार्यपालिकाले तोकेको अन्य कार्य।

**ख. सहकारी संस्था**

(१) सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन,

(२) सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको भौगोलिक क्षेत्रभित्र सञ्चालन हुने सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन,

(३) सहकारी वचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड निर्धारण र नियमन,

(४) सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय, विषयगत, प्रादेशिक र स्थानीय सङ्घ संस्थासँग समन्वय र सहकार्य,

(५) सहकारी सम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,

(६) स्थानीय सहकारी संस्थाको क्षमता अभिवृद्धि,

(७) स्थानीय सहकारी क्षेत्रको प्रवद्र्धन, परिचालन र विकास ।

**ग. एफ.एम. सञ्चालन**

(१) एक सय वाटसम्मको एफ. एम. रेडियो सञ्चालन अनुमति, नवीकरण, नियमन र खारेजी,

(२) प्रदेश कानूनको अधीनमा रही एफ.एम. सञ्चालन सम्बन्धी अन्य कार्य ।

**घ. स्थानीय कर, सेवा शुल्क तथा दस्तुर**

(१) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही सम्पत्ति कर, घर बहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), मनोरञ्जन कर सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,

(२) स्थानीय पूर्वाधार तथा सेवाको शुल्क निर्धारण, सङ्कलन र व्यवस्थापन,

(३) ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, ऱ्याफ्टिङ्ग, मोटरबोट, केवुलकार सेवा लगायत अन्य जल तथा स्थल क्षेत्रमासञ्चालन हुने नवीन पर्यटकीय सेवा तथा साहसिक खेलको शुल्क,

(४) जडीबुटी, कवाडी र जीवजन्तु कर निर्धारण तथा सङ्कलन,

(५) स्थानीय राजस्वको आधार विस्तार तथा प्रवद्र्धन,

(६) ढुगां, गिट्टी, वालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट, खरीढुगां आदिप्राकृतिक एवं खानीजन्य वस्तुको बिक्री तथा निकासी शुल्क दस्तुर संकलन

(७) सिफारिस, दर्ता, अनुमति, नवीकरण आदिको शुल्क, दस्तुर निर्धारण र संकलन

(८) स्थानीय राजस्व प्रवद्र्धनका लागि प्रोत्साहन,

(९) राजस्व सूचना तथा तथ्याकंको आदान प्रदान,

(१०) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीय तहमा राजस्व चुहावट नियन्त्रण सम्बन्धी

नीति, कानून, मापदण्ड र नियमन,
(११) स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुर सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
(१२) मालपोत सकंलन,
(१३) कर तथा सेवा शुल्क सम्बन्धी अन्य कार्य।

**ङ. स्थानीय सेवाको व्यवस्थापन**

(१) स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन,
(२) संविधानको धारा ३०२ को उपधारा (२) बमोजिम समायोजन भएका कर्मचारीको व्यवस्थापन, उपयोग र समन्वय,
(३) सगंठन विकास, जनशक्ति व्यवस्थापन र वृत्ति विकास,
(४) स्थानीय कानून बमोजिम सगंठन तथा व्यवस्थापन सर्वेक्षण गरी सगंठन संरचना तथा दरबन्दी निर्धारण,
(५) स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रवद्र्धन र नियमन,
(६) जनशक्ति व्यवस्थापन तथा वृत्ति विकास,
(७) स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी अन्य कार्य।

**च. स्थानीय तथ्याकं र अभिलेख सकंलन**

(१) स्थानीय तथ्याकं सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
(२) आधारभूत तथ्याकं सङ्कलन र व्यवस्थापन,
(३) जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइसराइ दर्ता र पारिवारिक लगतको अभिलेख तथा पञ्जीकरण व्यवस्थापन,
(४) सूचना तथा सञ्चार, प्रविधियुक्त आधारभूत तथ्याकंको सकंलन र व्यवस्थापन,
(५) स्थानीय तथ्याकं र अभिलेख सकंलन सम्बन्धी अन्य कार्य ।

**छ. स्थानीयस्तरका विकास आयोजना तथा परियोजना**

(१) विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याकंन र नियमन,
(२) आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्यविकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याकंन,
(३) आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याकंन,
(४) सम्भाव्य प्राकृतिक श्रोत तथा साधनको पहिचान तथा अभिलेख व्यवस्थापन,
(५) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही शहरी विकास, बस्ती विकास र भवनसम्बन्धी नीति,

कांनून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, आयोजनापहिचान, अध्ययन, कार्यान्वयन र नियमन,

(६) राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति, अनुगमन र नियमन,

(७) सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह र अन्य सार्वजनिक भवन तथासंरचनाको निर्माण र मर्मत सम्भार तथा सञ्चालन र व्यवस्थापन,

(८) सङ्घीय र प्रदेशस्तरीय आयोजना तथा परियोजनाको कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग,

(९) सुरक्षित बस्ती विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्यांकन,

(१०) सार्वजनिक निर्माण कार्यको लागि प्रचलित कानून बमोजिमको "घ" वर्गको इजाजतपत्रको जारी, नवीकरण तथा खारेजी,

(११) पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवद्र्धन सम्बन्धी आयोजनाहरूको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन,

(१२) नवीन पर्यटकीय सेवा तथा कार्यहरू सम्बन्धी आयोजनाहरूको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन,

(१३) विकास आयोजना तथा परियोजना सम्बन्धी अन्य कार्य ।

**ज. आधारभूत र माध्यमिक शिक्षा**

(१) प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ रविशेष शिक्षा सम्बन्धी नीति, कांनून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन,

(२) सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन,

(३) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्यांकन र नियमन,

(४) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,

(५) गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,

(६) गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन,

(७) विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,

(८) विद्यालयको नामाकरण,

(९) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,

(१०) विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण,

(११) सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान,

(१२) विद्यालयको नक्साकंन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,

(१३) सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
(१४) आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,
(१५) विद्यार्थी सिकाई उपलब्धीको परीक्षण र व्यवस्थापन,
(१६) निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,
(१७) ट्यूसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,
(१८) स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवद्र्धन र स्तरीकरण,
(१९) स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
(२०) माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,
(२१) सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,
(२२) शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास,
(२३) अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन ।

**झ. आधारभूत स्वास्थ्य र सरसफाई**

(१) आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन,
(२) आधारभूत स्वास्थ्य, प्रजनन स्वास्थ्य र पोषण सेवाको सञ्चालन र प्रवद्र्धन,
(३) अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन,
(४) स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन,
(५) स्वच्छ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदूषण नियन्त्रण र नियमन,
(६) सरसफाई सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन,
(७) स्वास्थ्यजन्य फोहरमैला सङ्कलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमन,
(८) रक्त सञ्चार सेवा तथा स्थानीय र शहरी स्वास्थ्य सेवा सञ्चालन,
(९) औषधि पसल सञ्चालन, अनुमति, अनुगमन र नियमन,
(१०) सरसफाई तथा स्वास्थ्य क्षेत्रबाट निष्कासित फोहोरमैला व्यवस्थापनमा निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय, सहकार्य र साझेदारी,
(११) परिवार नियोजन तथा मातृशिशु कल्याण सम्बन्धी सेवा सञ्चालन, अनुमति, अनुगमन तथा नियमन,
(१२) महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापन ।

**ञ. स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता**

(१) स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन, उपभोक्ता अधिकारतथा हित सम्बन्धी नीति,

कानून, मापदण्ड, कार्यान्वयन र नियमन,
(२) बजार तथा हाट बजार व्यवस्थापन,
(३) स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमन,
(४) स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण,
(५) स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन,
(६) स्थानीयस्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमन,
(७) स्थानीय व्यापारको तथ्याकं प्रणाली र अध्ययन अनुसन्धान,
(८) निजी तथा गैरसरकारी क्षेत्रसग समन्वय र सहकार्य,
(९) स्थानीय व्यापार प्रवद्र्धन, सहजीकरण र नियमन,
(१०) स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवद्र्धन र अभिलेखाकंन,
(११) उपभोक्ता सचेतना अभिवृद्धि, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण,
(१२) वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना तर्जुमा तथा त्यसको कार्यान्वयन, अनुगमन र नियमन,
(१३) स्थानीयस्तरमा वातावरणीय जोखिम न्यूनीकरण,
(१४) स्थानीयस्तरमा जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमका उपभोग्यवस्तुको बेचविखन र उपभोग तथा वातावरणीय प्रदूषण र हानिकारक पदार्थहरूकोनियन्त्रण, अनुगमन तथा नियमन,
(१५) स्थानीयस्तरमा सरसफाई तथा फोहरमैला व्यवस्थापन,
(१६) स्थानीयस्तरमा न्यून कार्बनमूखी तथा वातावरणमैत्री विकास अवलम्बन,
(१७) स्थानीयस्तरमा हरित क्षेत्रको संरक्षण र प्रर्वद्धन,
(१८) स्थानीयस्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन,
(१९) स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी अन्य कार्य।

**ट. स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिचाइ**

(१) स्थानीय, ग्रामीण तथा कृषि सडक र सिचाइ सम्बन्धी नीति, कानून, मापदण्डतथा सो सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,
(२) स्थानीय, ग्रामीण तथा कृषि सडक, झोलुगें पूल, पुलेसा, सिँचाइ र तटबन्धनसम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन, मर्मत, सम्भार र नियमन,
(३) स्थानीयस्तरका सिँचाइ प्रणालीको निर्माण, सञ्चालन, रेखदेख, मर्मत सम्भार, स्तरोन्नति, अनुगमन र नियमन,
(४) यातायात सुरक्षाको व्यवस्थापन र नियमन,
(५) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक सम्बन्धी अन्य कार्य ।

ठ. गाउँसभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन

(१) गाउँसभा वा नगरसभा सम्बन्धी नीति, कानून र कार्यविधि,

(२) स्थानीयस्तरका विषय क्षेत्रगत नीति तथा रणनीति, आवधिक तथा वार्षिक योजना, कार्यक्रम र बजेट स्वीकृति,

(३) सभाका समितिहरूको गठन र सञ्चालन ,

(४) स्थानीय तहबीच साझा सरोकार तथा साझेदारीका विषयमा संयुक्त समिति गठन,

(५) कार्यपालिका तथा न्यायिक समितिबाट सभामा प्रस्तुत प्रतिवेदनमाथि छलफल तथा सो सम्बन्धमा आवश्यक निर्देशन,

(६) विकास योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा सुशासनको लागि कार्यपालिकालाई निर्देशन,

(७) गाउँपालिका तथा नगरपालिकालाई आर्थिक व्ययभार पर्ने विषयको नियमन,

(८) स्थानीय मेलपिलाप र मध्यस्थता,

(९) गाउँ सभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

ड. स्थानीय अभिलेख व्यवस्थापन

(१) स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन, अनुगमन र नियमन,

(२) जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिकपूर्वाधार, रोजगारीको अवस्था, कूल ग्राहस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास तथा लैगिंक सशक्तीकरण सूचकाङ्क, राजश्व तथा आयव्यय समेतकोतथ्यांक सकंलन र प्रशोधन गरी नवीनतम प्रविधियुक्त र राष्ट्रिय तथा स्थानीयसूचना प्रणालीमा आवद्धता र पाश्र्व चित्र तथा श्रोत नक्साको अद्यावधिकअभिलेखन,

(३) सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन,

(४) सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसायको विवरण सहितको अद्यावधिक अभिलेख,

(५) आफ्नो क्षेत्रभित्र सम्पन्न भएका तथा चालु योजनाको विवरण र त्यस्तो योजनाको सम्पत्तिको अद्यावधिक अभिलेखन,

(६) स्थानीय अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको उपयोग,

(७) स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी अन्य कार्य।

ढ. जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण

(१) स्थानीय जग्गाको नाप नक्सा, कित्ताकाट, हालसाविक, रजिष्ट्रेशन नामसारी तथा दाखिल खारेज,

(२) जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण तथा लगत व्यवस्थापन,

(३) भूमिको वर्गीकरण अनुसारको लगत,
(४) सार्वजनिक प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण तथा वितरणमा समन्वय र सहजीकरण,
(५) नापी नक्सा तथा जग्गाको स्वामित्व निर्धारण कार्यमा समन्वय र सहजीकरण,
(६) जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण सम्बन्धी अन्य कार्य ।

ण. कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी

(१) कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन र पशु स्वास्थ्य सम्बन्धीस्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,
(२) कृषि तथा पशुपन्छी बजार सूचना, बजार तथा हाटबजारको पूर्वाधार निर्माण, साना सिँचाइ निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन, अनुगमन र नियमन,
(३) कृषि तथा पशुपक्षीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण,
(४) पशुपक्षी चिकित्सा सेवाको व्यवस्थापन,
(५) कृषि वातावरण संरक्षण तथा जैविक विविधताको संरक्षण र प्रवद्र्धन,
(६) पशुनश्ल सुधार पद्धतिको विकास र व्यवस्थापन,
(७) उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवद्र्धन, विकास तथा बजारीकरण,
(८) स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन,
(९) पशु आहारको गुणस्तर नियमन,
(१०) स्थानीयस्तरमा पशुपक्षी सम्बन्धी तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली,
(११) पशु बधशाला र शीत भण्डारणको व्यवस्थापन र नियमन,
(१२) पशुपक्षी सम्बन्धी बीमा र कर्जा सहजीकरण,
(१३) पशुपालन तथा पशु स्वास्थ्य सम्बन्धी अन्य कार्य।

त. जेष्ठ नागरिक, अपागंता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन

(१) सङ्घ र प्रदेश कानूनको अधीनमा रही सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन, सञ्चालन तथा व्यवस्थापन,
(२) जेष्ठ नागरिक, अपागंता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण,
(३) जेष्ठ नागरिक क्लव, दिवा सेवा केन्द्र, भेटघाट स्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन,
(४) सङ्घ तथा प्रदेशसँगको समन्वयमा अपा·ता पुनस्र्थापना केन्द्र, ज्येष्ठनागरिक केन्द्र तथा अशक्त स्याहार केन्द्रको सञ्चालन र व्यवस्थापन,
(५) सडक बालबालिका, अनाथ, असहाय, अशक्त र मानसिक असन्तुलन भएकाव्यक्तिहरूको पुनस्र्थापना

केन्द्रको सञ्चालन, व्यवस्थापन, अनुगमन र नियमन,
(६) जेष्ठ नागरिक, अपागंता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

**थ. बेरोजगारको तथ्याकं सकंलन**
(१) रोजगार तथा बेरोजगार श्रमशक्तिको तथ्याङ्क सङ्कलन, प्रशोधन र सूचना प्रणालीको स्थापना,
(२) स्थानीयस्तरमा रहेका स्वदेशी तथा विदेशी श्रमिकको लगत सकंलन तथा सूचना व्यवस्थापन,
(३) विभिन्न क्षेत्र तथा विषयका दक्ष जनशक्तिको तथ्याकं सकंलन तथा व्यवस्थापन,
(४) सुरक्षित वैदेशिक रोजगारी र वैदेशिक रोजगारीमा रहेको श्रमशक्तिको सूचना तथा तथ्याकंको सकंलन तथा व्यवस्थापन,
(५) रोजगार सूचना केन्द्रको व्यवस्थापन तथा सञ्चालन,
(६) वैदेशिक रोजगारीमा जाने श्रमशक्तिको लागि वित्तीय साक्षरता र सीपमूलक तालीमको सञ्चालन,
(७) वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको सामाजिक पुनः एकीकरण,
(८) वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप र उद्यमशीलताको उपयोग,
(९) बेरोजगारको तथ्याकं सकंलन सम्बन्धी अन्य कार्य।

**द. कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण**
(१) कृषि प्रसार सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,
(२) कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन,
(३) कृषकहरूको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण,
(४) कृषि बिउविजन, नश्ल, मलखाद र रसायन तथा औषधिहरूको आपूर्ति, उपयोग र नियमन,
(५) कृषक समूह, कृषि सहकारी र कृषि सम्बन्धी स्थानीय सङ्घ संस्थाहरूको समन्वय, व्यवस्थापन र नियमन,
(६)स्थानीयस्तरमा कृषि सम्बन्धी प्रविधिको संरक्षण र हस्तान्तरण,
(७) कृषि सम्बन्धी सूचनाको प्रचारप्रसार,
(८) स्थानीयस्तरका स्रोत केन्द्रहरूको विकास र व्यवस्थापन,
(९) प्रागांरिक खेती तथा मलको प्रवद्र्धन र प्रचार प्रसार,
(१०) कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण सम्बन्धी अन्य कार्य ।

**ध. खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा**
(१) स्थानीय खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
(२) खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन,
(३) एक मेगावाट सम्मका जलविद्युत आयोजना सम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड, योजना

तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,
(४) स्थानीय तहमा वैकल्पिक ऊर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, नियमन,
(५) स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन, अनुगमन र नियमन,
(६) स्थानीय तहमा वैकल्पिक ऊर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि र प्रवद्र्धन,
(७) खानेपानी, साना जलविद्युत आयोजना तथा वैकल्पिक उर्जा सम्बन्धी अन्य कार्य ।

**न. विपद् व्यवस्थापन**

(१) विपद् व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजनाको कार्यान्वयन, अनुगमन र नियमन,
(२) स्थानीयस्तरमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, पूर्व सूचनाप्रणाली, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय,
(३) स्थानीय तटबन्ध, नदी र पहिरोको नियन्त्रण तथा नदीको व्यवस्थापन र नियमन,
(४) विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरूको पहिचान र स्थानान्तरण,
(५) विपद् व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय समुदाय, सङ्घ संस्था तथा निजी क्षेत्रसँग सहयोग, समन्वय र सहकार्य,
(६) विपद् व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन,
(७) विपद् जोखिम न्यूनीकरण सम्बन्धी स्थानीयस्तरका आयोजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,
(८) विपद् पश्चात् स्थानीयस्तरको पुनस्र्थापना र पुनर्निर्माण,
(९) स्थानीयस्तरको विपद् सम्बन्धी तथ्यांक व्यवस्थापन र अध्ययन अनुसन्धान,
(१०) स्थानीय आपतकालीन कार्य सञ्चालन प्रणाली,
(११) समुदायमा आधारित विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमको सञ्चालन,
(१२) विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

**प. जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण**

(१) जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमन,
(२) पानी मुहानको संरक्षण,
(३) सामुदायिक भू-संरक्षण र सोमा आधारित आय आर्जन कार्यक्रम,
(४) भू-संरक्षण र जलाधार व्यवस्थापनजन्य सामुदायिक अनुकूलन,
(५) खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङ्क सकंलन,

(६) बहुमूल्य धातु, पत्थर तथा खनिज पदार्थको संरक्षण र सम्वर्द्धनमा सहयोग,
(७) ढुगां, गिट्टी, बालुवा, नुन, माटो, खरीढुगां तथा स्लेट जस्ता खानीजन्यवस्तुको सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी रव्यवस्थापन,
(८) भौगर्भिक नक्सा प्रकाशन ।

फ. भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास
(१) भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,
(२) पुरातइभ्व, प्राचीन स्मारक तथा संग्रहालयको संरक्षण, सम्भार, प्रवद्र्धन र विकास,
(३) परम्परागत जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन,
(४) प्रचलित कानून बिरुद्धका कुरीति तथा कुसंस्कार बिरुद्ध सामाजिक परिचालन सम्बन्धी कार्य,
(५) भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी अन्य कार्य ।
(३) गाउँपालिका तथा नगरपालिकाले सङ्घ तथा प्रदेशसँगको सहकार्यमा प्रयोगगर्ने साझा अधिकार संविधानको अनुसूची–९ मा उल्लेख भए बमोजिम हुनेछ ।
(४) उपदफा (३) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी देहायको विषयमासङ्घ तथा प्रदेश कानूनको अधीनमा रही गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–
क. खेलकुद र पत्रपत्रिका
(१) स्थानीयस्तरका खेलकुदको संरचनाको पूर्वाधार निर्माण, सञ्चालन तथा विकास,
(२) स्थानीयस्तरका खेलकुद प्रशासन तथा सङ्घ संस्थाको नियमन र समन्वय,
(३) खेलकुदको विकास र प्रवद्र्धन,
(४) खेलकुद प्रतियोगिता आयोजना र सहभागिता,
(५) खेलकुद सम्बन्धी पूर्वाधारको विकास,
(६) स्थानीय तहका पत्रपत्रिकाको दर्ता, अभिलेख तथा नियमन ।

ख. स्वास्थ्य
(१) सङ्घीय तथा प्रदेशस्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण,
(२) जनरल अस्पताल, नर्सिङ होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरूको क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन,
(३) स्थानीयस्तरमा औषधिजन्य वनस्पति, जडीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र

वितरण,

(४) स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन,

(५) स्थानीयस्तरमा औषधि तथा अन्य मेडिकल उत्पादनहरूको न्यूनतम मूल्य निर्धारण र नियमन,

(६) स्थानीयस्तरमा औषधिको उचित प्रयोग र सूक्ष्मजीव निरोधक प्रतिरोध न्यूनीकरण,

(७) स्थानीयस्तरमा औषधि र स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण,

(८) स्थानीयस्तरमा स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन,

(९) स्थानीयस्तरमा जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स),

(१०) स्थानीयस्तरको प्रवद्र्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्यालिएटिभ स्वास्थ्य सेवाको सञ्चालन,

(११) स्वस्थ जीवनशैली, पोषण, शारीरिक ब्यायाम, योग अभ्यास, स्वास्थ्यवृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रवद्र्धन,

(१२) जुनोटिक र कीटजन्य रोगको नियन्त्रण तथा व्यवस्थापन,

(१३) सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि,

(१४) आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन,

(१५) जनस्वास्थ्य, आपतकालीन स्वास्थ्य तथा महामारीको नियन्त्रण योजना र कार्यान्वयन,

(१६) रोगको नियन्त्रण तथा रोकथाम,

(१७) आकस्मिक स्वास्थ्य सेवा प्रवाह तथा स्थानीय सेवाको व्यवस्थापन ।

**ग. विद्युत, खानेपानी तथा सिंचाइ जस्ता सेवाहरू**

(१) विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन,

(२) खानेपानी महसुल निर्धारण र खानेपानी सेवाको व्यवस्थापन,

(३) स्थानीय साना सतह तथा भूमिगत सिंचाइ प्रणालीको सञ्चालन तथा मर्मत सम्भार, सेवा शुल्क निर्धारण र सकंलन सम्बन्धी व्यवस्थापन ।

**घ. सेवा शुल्क, दस्तुर, दण्ड जरिबाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क**

(१) स्थानीय सेवा शुल्क, दस्तुर, दण्ड जरिबाना सम्बन्धी नीति, कानून, मापदण्ड योजना तर्जुमा, कार्यान्वयन र नियमन,

(२) प्राकृतिक स्रोत साधन र सेवा शुल्क, रोयल्टी सङ्कलन, समन्वय र नियमन,

(३) खनिज पदार्थको उत्खनन् र सो सम्बन्धी रोयल्टी सकंलन,

(४) सामुदायिक वनको सञ्चालन र व्यवस्थापनबाट प्राप्त रोयल्टी सकंलन,

(५) पानीघट्ट, कुलो, पैनी जस्ता सेवा सञ्चालनबाट प्राप्त रोयल्टी सकंलन ।

ङ. वन, जगंल, वन्यजन्तु, चराचुरुगीं, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता

(१) वन, जङ्गल, वन्यजन्तु, चराचुरुगीं, जल उपयोग, वातावरण, पर्यावरण तथाजैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

(२) स्थानीयस्तरमा सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कवुलियती रसाझेदारी वनको संरक्षण, सम्वद्र्धन, उपयोग, अनुगमन र नियमन तथा वन उपभोक्तासमूहको व्यवस्थापन,

(३) मध्यवर्ती क्षेत्रको सामुदायिक, धार्मिक र कबुलियती वनको व्यवस्थापन,

(४) स्थानीयस्तरमा नदी किनार, नदी उकास, नहर किनार तथा सडक किनारमा वृक्षारोपण व्यवस्थापन,

(५) स्थानीयस्तरमा निजी वनको प्रवद्र्धन, अनुगमन र नियमन,

(६) स्थानीयस्तरमा सार्वजनिक खाली जग्गा, पाखा वा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन,

(७) स्थानीयस्तरमा जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धीसर्वेक्षण, उत्पादन, सकंलन, प्रवद्र्धन, प्रशोधन र बजार व्यवस्थापन,

(८) वनबीउ बगैचा स्थापना, व्यवस्थापन र प्रवद्र्धन,

(९) नर्सरी स्थापना, बिरुवा उत्पादन, वितरण, रोपण र प्रवद्र्धन,

(१०) वन्यजन्तु र चराचुरुगींको संरक्षण, व्यावसायिक पालन, उपयोग र अनुगमन,

(११) मानव तथा वन्यजन्तु बीचको द्वन्द्व व्यवस्थापन,

(१२) स्थानीय प्राणी उद्यान (चिडियाखाना) को स्थापना र सञ्चालन,

(१३) स्थानीय वन्यजन्तु पर्यटन र आयआर्जन,

(१४) स्थानीयस्तरमा आखेटोपहारको व्यवस्थापन,

(१५) स्थानीयस्तरमा वन, वन्यजन्तु तथा चराचुरुगींको अभिलेखाकंन र अध्ययन अनुसन्धान,

(१६) विश्वसम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्वका वन, सीमसार क्षेत्र, तटवर्ती क्षेत्रका जग्गा सम्बन्धी लगत,

(१७) मिचाहा प्रजातिको नियन्त्रण,

(१८) स्थानीयस्तरको जोखिम न्यूनीकरण,

(१९) जैविक विविधताको अभिलेखाकंन,

(२०) स्थानीयस्तरमा हरियाली प्रवद्र्धन,

(२१) स्थानीय साना जल उपयोग सम्बन्धी क्षेत्रगत अयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन र अनुगमन,

(२२) रैथाने प्रजातिको संरक्षण र प्रवद्र्धन,

(२३) स्थानीयस्तरमा वातावरणीय जोखिम न्यूनीकरण,

(२४) स्थानीयस्तरमा प्रदूषण नियन्त्रण र हानिकारकपदार्थहरूको नियमन तथा व्यवस्थापन,

(२५) स्थानीयस्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास अवलम्बन,

(२६) स्थानीयस्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन ।

च. सामाजिक सुरक्षा र गरिबी निवारण

(१) सामाजिक सुरक्षा तथा गरिबी निवारण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, नियमन र अध्ययन अनुसन्धान,

(२) लक्षित समूह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन,

(३) सामाजिक सुरक्षाको कार्यान्वयनको लागि सङ्घ, प्रदेश र स्थानीय सङ्घ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य,

(४) सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्याकं र सूचना व्यवस्थापन,

(५) गरिब घरपरिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन,

(६) स्थानीय सामाजिक सुरक्षा योजना र व्यवस्थापन ।

छ. व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याकं

(१) व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाइसराइ, सम्बन्ध विच्छेद र धर्मपुत्र र धर्मपुत्री) को दर्ता,

(२) व्यक्तिगत घटनाको स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(३) व्यक्तिगत घटनाको अभिलेख व्यवस्थापन र प्रतिवेदन ।

ज. स्थानीयस्तरमा पुरातत्व, प्राचीन स्मारक र संग्रहालय संरक्षण, सम्वद्र्धन र पुनः निर्माण ।

झ. सुकुम्बासी व्यवस्थापन

(१) सुकुम्बासीको पहिचान र अभिलेख व्यवस्थापन,

(२) सुकुम्बासी सम्बन्धी जीविकोपार्जन र बसोबास व्यवस्थापन ।

ञ. प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी

(१) प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी सम्बन्धी नीति, कानून, मापदण्ड तथा नियमन,

(२) प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको सकंलन तथा बाँडफाँट ।

ट. सवारी साधन अनुमति

(१) यातायात व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(२) स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमन,

(३) वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम संवेद्य, अपागंतार लैंगिकमैत्री यातायात प्रणालीको स्थानीय तहमा प्रवद्र्धन ।

(ठ) संघ, संस्था दर्ता तथा नवीकरण

(१) संघ, संस्था परिचालन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
(२) स्थानीय स्तरका संघ, संस्थाको दर्ता तथा नवीकरण।

(५) उपदफा (१) र (३) मा उल्लिखित अधिकारका अतिरिक्त गाउँपालिका तथा नगरपालिकाको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

क. भूमि व्यवस्थापन
(१) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीयस्तरको भू–उपयोग नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन,
(२) सङ्घीय तथा प्रदेशको मापदण्डको अधीनमा रही व्यवस्थित बस्ती विकासकाकार्यक्रमको तर्जुमा र कार्यान्वयन, एकीकृत वस्ती विकासका लागि जग्गाकोएकीकरण तथा जग्गा विकास र व्यवस्थापन,
(३) स्थानीयस्तरमा अव्यवस्थित बसोबास व्यवस्थापन ।

ख. सञ्चार सेवा
(१) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीय क्षेत्रभित्र इन्टरनेटसेवा, टेलिसेन्टर, केबुल तथा तारविहीन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण रनियमन,
(२) स्थानीय क्षेत्रमा सूचना प्रविधिको विकास र प्रवद्र्धन गर्ने ।

ग. यातायात सेवा
(१) स्थानीय बस, ट्रली बस, ट्राम जस्ता मध्यम क्षमताका मास ट्राञ्जिट प्रणालीको नीति, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,
(२) राष्ट्रिय रेल पूर्वाधारको उपयोग तथा महानगरीय क्षेत्रभित्र शहरी रेलसेवाको सञ्चालन, व्यवस्थापन, मर्मत सम्भार, समन्वय, साझेदारी र सहकार्य।
(६) सङ्घ वा प्रदेशले संविधान तथा प्रचलित कानून बमोजिम आफ्नोअधिकारक्षेत्रभित्रको कुनै विषय गाउँपालिका वा नगरपालिकालाई कानून बनाईनिक्षेपण गर्न सक्नेछ ।
(७) गाउँपालिका वा नगरपालिकाले उपदफा (१), (३), (४) र (५) बमोजिमको काम, कर्तव्य र अधिकारको प्रयोग गर्दा आवश्यकता अनुसार कानून, नीति, योजना, मापदण्ड तथा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।
(८) स्थानीय तहले प्रदेश सरकारको परामर्शमा नेपाल सरकारको पूर्व स्वीकृतिलिई विदेशका कुनै स्थानीय सरकारसँग भगिनी सम्बन्ध कायम गर्न सक्नेछ ।

## ४. सेवा प्रवाह गर्ने शाखा, जिम्मेवारी र जिम्मेवार कर्मचारीः

### क) सामान्य प्रशासन शाखाः-

१. स्थानीय सेवाको व्यवस्थापनसम्बन्धी नीति, मापदण्ड, सेवाशर्त, योजना, कार्यान्वयन र नियमन गर्ने ।

२. संविधानको धारा ३०२ को उपधारा (२) बमोजिम समायोजन भएका कर्मचारीको व्यवस्थापन, उपयोग र समन्वय, सङ्गठन विकास, जनशक्ति व्यवस्थापन र वृत्तिविकासका लागि स्थानीय कानून बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी सङ्गठन संरचना तथा दरबन्दी निर्धारण गर्ने ।

३. गाउँप्रहरीको गठन, सञ्चालन, व्यवस्थापन, नियमन तथा गाउँप्रहरी सम्बन्धी नीति, कानून र मापदण्डको निर्माण तथा कार्यान्वयन गर्ने ।

४. मातहतका शाखाहरूको कार्यसम्पादनमा सहजीकरण र समन्वय गर्ने ।

-सुलभ दाहाल

**ख) योजना शाखाः-**

क) विकास आयोजना तथा परियोजनासम्बन्धी नीति, कानून, मापदण्ड, तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने ।

ख) स्थानीय विकास नीति, अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन विकास योजना एवम् आवधिक योजना तथा गु्रुयोजना तर्जूमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने ।

ग) ठूला आयोजना सञ्चालनका लागि सार्वजनिक नीजि– साझेदारी नीति, मापदण्ड, योजना, कार्यक्रम तर्जुमा कार्यान्वयन र नियमन गर्ने ।

घ) प्रदेश सरकारसँग समन्वय गरी अव्यवस्थित बसोबास व्यवस्थापन गर्न योजनाबद्ध र व्यबस्थित वस्ती विकासका कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने ।

ङ) श्रोत अनुमान तथा वजेट सीमानिर्धारण समिति र वजेट तथा कार्यक्र मतर्जुमा समितिको निर्देशनमा योजना तर्जुमा र कार्यान्वयनमा सहयोग गर्ने ।

-सुलभ दाहाल

**ग) आर्थिक प्रशासन शाखाः-**

क) आर्थिक (कार्यविधी) नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन गर्ने ।

ख) सञ्चित कोष तथा आकस्मिक कोषको व्यवस्थापन गर्ने ।

घ) लेखा व्यवस्थापन, खर्च, राजश्व, धरौटी, कार्यसञ्चालन कोष तथा अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण तयार गर्ने ।

ङ) गाउँसभाबाट स्वीकृत वजेटको परिधिभित्र रही कार्यालय सञ्चालन, उपभोग र कार्यक्रम कार्यान्वयनमा विनियोजित बजेट खर्च गर्ने व्यवस्था मिलाउने ।

च) समष्टिगत आर्थिक अवस्थाको विश्लेषण गरी कार्यपालिकामा पेश गर्ने ।

छ) कार्यालयमा आर्थिक अनुशासन कायम राख्ने, तोकिए बमोजिम समयमै लेखापरीक्षण गराउने ।

ज) बार्षिक लेखापरीक्षणबाट औंल्याईएका बेरुजू फछ्र्यौट गर्ने गराउने ।

झ) लेखाव्यवस्थापन, खर्च, राजश्व, धरौटी, कार्यसञ्चालन कोष तथा अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण तयार गर्ने ।

ञ) आर्थिक प्रशासन र व्यबस्थापनसम्बन्धी तोकिएका अन्य कार्य गर्ने ।

-मन्जु भट्टराई (आर्थिक प्रशासन शाखा)

**घ) शिक्षा युवा तथा खेलकुद शाखाः-**

**ङ) कृषि विकास शाखाः-**

**च) पशुसेवा शाखाः-**

**छ) स्वास्थ्य शाखाः-**

**६.निर्णय उपर उजुरी सुन्ने अधिकारीः प्रमुख प्रशासकीय अधिकृत श्री डिल्लीराम सुबेदी**

**७.ऐन, नियम वा कार्यबिधि वा निर्देशिका तथा मापदण्डको सूचीः**

| सि. नं. | कानूनको नाम |
|---|---|
| १ | गाउँपालिकाको निर्णय वा आदेश र अधिकार प्रमाणिकरण कार्यबिधी नियमावली २०७४ |
| २ | माङसेबुङ गाउँपालिका गाउँ कार्यपालिका कार्यसम्पादन नियमावली २०७४ |
| ३ | गाउँपालिकाको बैठक सञ्चालन सम्बन्धि कार्यबिधी २०७४ |
| ४ | माङसेबुङ गाउँपालिका गाउँ कार्यपालिका कार्य विभाजन नियमावली २०७४ |
| ५ | गाउँ सभा सञ्चालन कार्यबिधी २०७४ |
| ६ | गाउँपालिकाको आर्थिक कार्यबिधी नियमित तथा व्यबस्थित गर्ने बनेको ऐन २०७४ |
| ७ | माङसेबुङ गाउँपालिकाको सहकारी ऐन २०७४ |

| सि. नं. | कानूनको नाम |
|---|---|
| ८ | माङसबुङ गाउँपालिकाका एफ.एम रेडियो व्यवस्थापन तथा संचालन कार्यविधी ऐन २०७४ |
| ९ | न्यायीक समिति कार्यबिधि ऐन २०७४ |
| १० | मेलमिलाप संचालन कार्यबिधि २०७४ |
| ११ | कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धि कार्यबिधि २०७४ |
| १२ | गाउँपालिका मर्मत तथा संभार कोष संचालन कार्यबिधि २०७४ |
| १३ | माङसेबुङ गाउँपालिका उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यबिधी २०७५ |
| १४ | माङसेबुङ गाउँपालिकामा करारमा प्राबिधिक कर्मचारी ब्यवस्थापन गर्ने सम्बन्धि कार्यबिधी २०७५ |
| १५ | बिपद ब्यवस्थापन कोष सञ्चालन कार्यबिधी २०७५ |
| १६ | महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन भत्ता संचालन कार्यबिधी २०७५ |
| १७ | माङसेबुङ खेलकुद कार्यबिधी २०७५ |
| १८ | गाउँपालिका स्तरीय महिला समन्वय समिति सञ्चालन कार्यबिधी २०७५ |
| १९ | अति बिपन्न तथा जेष्ठ नागरिक स्वास्थ्य उपचार सहायता कोष संचालन कार्यबिधी २०७५ |
| २० | भवन निर्माण निर्देशिका २०75 |
| २१ | भाषा संस्कृति तथा ललितकला संरक्षण र बिकास कार्यान्वयन निर्देशिका २०७५ |
| २२ | स्थानीय उर्जा बिकास सम्बन्धी निर्देशिका २०७५ |
| २३ | गाउँमै श्रम, गाउँमै धन अभियान कार्यक्रम संचालन निर्देशिका, २०७५ |
| २४ | शिक्षा नियमावली २०७५ |
| २५ | संस्था दर्ता ऐन २०७५ |
| २६ | माङसुबेङ गाउँपालिकाको प्रशासकीय कार्यबिधि नियमित गर्ने ऐन २०७५ |
| २७ | गाउँ विपद जोखिम तथा न्युनीकरण ऐन २०७५ |
| २८ | स्थानीय राजपत्र प्रकाशन सम्बन्धि कार्यबिधि २०७५ |
| २९ | जेष्ठ नागरिक परिचय पत्र वितरण निर्देशिका २०७६ |
| ३० | अपांगता भएका ब्यक्तिहरुको परिचय पत्र वितरण कार्यबिधि २०७६ |
| ३१ | जलश्रोत ऐन २०७५ |
| ३२ | आर्थिक ऐन २०७६ |
| ३३ | विनियोजन ऐन २०७६ |
| ३४ | घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धि कार्यबिधि २०७६ |

| सि. नं. | कानूनको नाम |
|---|---|
| ३५ | जलश्रोत कार्यबिधि २०७६ |
| ३६ | गाउँपालिका स्तरीय दलित समन्वय समिति सञ्चालन कार्यबिधी २०७५ |
| ३७ | नमुना विद्यालय संचालन तथा व्यबस्थापन कार्यबिधि २०७६ |
| ३८ | प्राकृतिक श्रोत तथा वातावरण संरक्षण ऐन, २०७६ |
| ३९ | असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धि मापदण्ड २०७६ |
| ४० | आर्थिक ऐन २०७७ |
| ४१ | विनियोजन ऐन २०७७ |
| ४२ | संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ |
| ४३ | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) संचालन कार्यविधि, २०७७ |
| ४४ | कृषक समुह गठन तथा परिचालन सम्बन्धी निर्देशिका, २०७७ |
| ४५ | विपद् व्यबस्थापन कोष संचालन कार्यविधि, २०७७ |
| ४६ | अति विपन्न तथा जेष्ठ नागरीक स्वास्थ्य उपचार सहायता कोष संचालन कार्यबिधि, २०७७ |
| ४७ | कृषि व्यवसाय दर्ता तथा नविकरण कार्यविधि, २०७७ |

८.आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

९.यस कार्यालयको वेवसाइटः https://www.mansebungmun.gov.np/

१०.कार्यालयमा परेको सूचना माग सम्बन्धी निवेदन संख्याः २

११.माग निवेदन अनुसार सूचना उपलब्ध गराइएको संख्याः २

आ.व. : २०७८/७९ अवधी : २०७९/०१/०१-२०७९/०३/३२

रु. हजारमा

| सि.नं. | नाम | बजेट | | | खर्च | | | खर्च (%) | मौज्दात | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पूंजीगत | जम्मा | चालु | पूंजीगत | जम्मा | | चालु | पूंजीगत | जम्मा |
| १ | माङसेबुङ गाउँपालिका | १२,२९,१० | ७,८२,२१ | २०,११,३१ | २,६९,१६ | ४,११,३६ | ६,८०,५२ | ३३.८३ | ९,५९,९३ | ३,७०,८५ | १३,३०,७९ |
| २ | प्रदेश समपुरक अनुदान कार्यक्रम | ० | १,००,०० | १,००,०० | ० | ८९,०८ | ८९,०८ | ८९.०९ | ० | १०,९१ | १०,९१ |
| ३ | माङ्सेबुङ गाउँपालिका कृषि विकास शाखा | १५,०० | ० | १५,०० | ३,१२ | ० | ३,१२ | २०.८३ | ११,८७ | ० | ११,८७ |
| ४ | माङ्सेबुङ गाउँपालिका शिक्षा शाखा | १,२४,७४ | ० | १,२४,७४ | ३२,८२ | ० | ३२,८२ | २६.३१ | ९१,९२ | ० | ९१,९२ |
| ५ | माङ्सेबुङ गाउँपालिका स्वास्थ्य शाखा | १७,५० | ७,५० | २५,०० | १२,०४ | ० | १२,०४ | ४८.१६ | ५,४५ | ७,५० | १२,९५ |
| ६ | माङ्सेबुङ गाउँपालिका पशु सेवा शाखा | १५,०० | ५,०० | २०,०० | ९,८७ | २,४० | १२,२७ | ६१.३९ | ५,१२ | २,६० | ७,७२ |
| ७ | माङसेबुङ गाउँपालिकावडा नं.१ | १२,५० | ४६,७० | ५९,२० | ७,७५ | १८,४९ | २६,२५ | ४४.३५ | ४,७४ | २८,२० | ३२,९४ |
| ८ | माङसेबुङ गाउँपालिकावडा नं.२ | १३,०० | ४५,२० | ५८,२० | १०,४४ | ३४,६९ | ४५,१३ | ७७.५५ | २,५५ | १०,५० | १३,०६ |
| ९ | माङसेबुङ गाउँपालिकावडा नं.३ | ८,८० | ५२,४० | ६१,२० | ७,१६ | २७,३० | ३४,४६ | ५६.३२ | १,६३ | २५,१० | २६,७३ |
| १० | माङसेबुङ गाउँपालिकावडा नं.४ | १५,७१ | ४२,४८ | ५८,२० | ० | १०,०० | १०,०० | १७.१८ | १५,७१ | ३२,४८ | ४८,२० |
| ११ | माङसेबुङ गाउँपालिकावडा नं.५ | १५,५० | ४४,७० | ६०,२० | ३,८६ | ३२,७६ | ३६,६२ | ६०.८५ | ११,६४ | ११,९३ | २३,५७ |
| १२ | माङसेबुङ गाउँपालिकावडा नं.६ | १४,५० | ४६,७० | ६१,२० | ७,९६ | २५,८९ | ३३,८६ | ५५.३४ | ६,५३ | २०,८० | २७,३३ |
| १३ | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम | ५,५० | ७९,८४ | ८५,३४ | १,२३ | ४२,४० | ४३,६३ | ५१.१३ | ४,२६ | ३७,४४ | ४१,७० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १४ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | १६,४०,२८ | ४,८२,५० | २१,२२,७८ | ५,७२,२२ | २,३०,२२ | ८,०२,४५ | ३७.७९ | १०,६८,०५ | २,५२,२७ | १३,२०,३२ |
| १५ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम(समपुरक अनुदान) | ० | ४२,०० | ४२,०० | ० | ३७,३१ | ३७,३१ | ८८.८३ | ० | ४,६९ | ४,६९ |
| १६ | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | ५५ | २४,६३ | २५,१८ | ५३ | २४,६२ | २५,१५ | ९९.९२ | १ | ० | २ |
| | जम्मा | ३१,२७,६९ | १८,०१,८७ | ४९,२९,५६ | ९,३८,२१ | ९,८६,५७ | १९,२४,७९ | ३९.०४ | २१,८९,४७ | ८,१५,३० | ३०,०४,७७ |